Soaltee Hotel Limited

Soaltee Hotel Limited

## बोनस शेयर प्रमाणपत्र वितरण सम्बन्धी सूचना

यस कम्पनीको गत २०७३ पौष २५ गते सम्पन्न भएको ४२औं वार्षिक साधारण सभाबाट शेयरधनीहरुलाई चुक्ता पूंजीको १० प्रतिशतका दरले बोनस शेयर प्रदान गर्ने प्रस्ताव पारित भए बमोजिम मिति **२०७४ साल जेष्ठ १८ गते विहीवारका** दिन देखि (शनिवार, आईतवार र अन्य सार्वजनिक बिदाको दिन बाहेक) **दिउसो २ बजे देखि ५ बजे सम्म** कम्पनीको रजिस्टर्ड कार्यालय, ताहाचल काठमाण्डौंबाट भौतिक **बोनस शेयर प्रमाणपत्र** वितरण गरिने भएकोले कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बोनस शेयर प्रमाणपत्र लिन आउँदा अनिवार्य रुपमा आफ्नो शेयर प्रमाणपत्रको सक्कल वा सोको प्रतिलिपि वा अन्य कुनै परिचय खुल्ने परिचयपत्रको प्रतिलिपि सहित उपस्थित हुनु पर्नेछ । कारणवश आफै उपस्थित हुन असमर्थ शेयरधनीहरुले कुनै प्रतिनिधि मार्फत शेयरधनी संकेत नंबर खुलाई रितपुर्वकको अख्तियारनामा दिई बोनस शेयर प्रमाणपत्र प्राप्त गर्न सक्नु हुनेछ । यसरी अख्तियारनामा प्राप्त गर्ने प्रतिनिधिले निजको कुनै आधिकारीक परिचय पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ। **बोनस शेयर प्रमाणपत्र जारी गर्दा कम्पनीको अभिलेखमा रहेको शेयरधनीको दस्तखत प्रमाणित भए पछी मात्र शेयर प्रमाणपत्र दिइने जानकारी गराउंदछौं ।**

२०७३ साल मंसिर २६ गते सम्म आफुले लिएको शेयर प्रमाण पत्र अभौतीकरण (Demat) गरी सक्नु भएको शेयरधनीहरुको हकमा सो शेयर वापत प्राप्त हुने **बोनस शेयर** उहांहरुको **हितग्राहीखाता (Demat Account)** मा जम्मा गर्ने व्यावस्था गर्नका लागि **सि. डि. एस. एण्ड क्लियरिङ्ग लि. मा पठाईने** व्यहोरा समेत जानकारी गराउंदछौं ।

साथै, आर्थिक वर्ष २०७२/०७३ को **लाभांश** मिति **२०७३ माघ ११** गते देखीनै कम्पनीको लेखा विभागबाट वितरण भई रहेको समेत जानकारी गराइन्छ । यो सुचना कारोवार दैनिकमा मिति २०७४ जेष्ठ १२ गते, शुक्रवारको, प्रकाशनमा हेर्न सकिनुका साथै कम्पनीको वेभसाईट http://www.soalteehotel.com मा समेत राखिएको छ ।

**कम्पनी सचिव**
**सोल्टी होटल लिमिटेड**
**ताहाचल, काठमाण्डौं**

P O Box 3800, Tahachal, Kathmandu, Nepal, Telephone:- +977-1-4272567, 4273999, Fax:- +977-1-4272201, 4272206 Email: shl@soaltee.com.np
सोल्टी होटल लिमिटेड रजिष्टर्ड अफिस ताहाचल,काठमाडौं
कम्पनी दर्ता न. ९६/०३२